सूचनाको हक सम्बन्धी ऐन, 2064 को दफा 5(3) र सूचनाको हक सम्बन्धी नियमावलि, 2065 को नियम 3 बमोजिम सार्वजनिक गरिएको विवरण

पशु क्वारेन्टाईन कार्यालय विराटनगर

विवरण सार्वजनिक गरेको अवधि 2081 श्रावण देखि 2082 आषाढ सम्म

परिचयः

पशु क्वारेन्टाइन भन्नाले, कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रिमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रिलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परिक्षणको लागि एकैसाथ वा छुट्टा छुट्टै राख्ने भन्ने बुझिन्छ।

पशु क्वारेन्टाइन कार्यालय विराटनगर अन्तरगत ३ वटा पशु क्वारेन्टाइन चेकपोष्टहरु छन्। जस मध्ये १.पशु क्वारेन्टाइन चेकपोष्ट रानी, मोरङ २. पशु क्वारेन्टाइन चेकपोष्ट भण्टावारी, सुनसरी ३. पशु क्वारेन्टाइन चेकपोष्ट माडर, सिरहा रहेको छ भने यस कार्यालयमा कर्मचारीहरुको दरवन्दी १८ जना रहेको छ । जस मध्ये वरिष्ठ पशु चिकित्सक -1 जना, पशु चिकित्सक - 4 जना, पशु स्वास्थ्य प्राविधिक -6 जना, लेखापाल - 1 जना, खरिदार - 1जना, कार्यालय सहयोगी - ४ जना र हलुका सवारी चालक -1 जना रहेको छ ।

2. पशु क्वारेन्टाइनको उदेश्यः

- समुदायहरुलाई बाह्रय मुलुकबाट भित्रिन सक्ने संक्रामक रोगहरुको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- बाह्य मुलुकबाट भित्रिन सक्ने संक्रामक रोगहरुलाई फैलिन नदिन प्रवेशमा रोक लगाउने ।
- नाकामा हुने गरेका पशु, पशुजन्य पदार्थ तथा पश उत्पादन सामग्रीको आयात निर्यातलाई ब्यवस्थित गर्ने ।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र ऐन नियमावली, २०५६ मा भएका क्वारेन्टाईन सम्बन्धी व्यवस्थाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- पशु ढुवानी मापदण्ड अनुरुप भए नभएको अनुगमन गर्ने ।
- सिमानामा कुनै संक्रामक रोग फैलिएमा तुरुन्त भे.अ. तथा प.वि.केन्द्र लगाएत सम्बन्धित निकायहरुसँग समन्वय गरी रोकथाम र नियन्त्रण गर्ने ।
- पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा रोगहरुको तथ्याङ्क आद्यावधिक राखी पशु सेवा विभागको पशु क्वारेन्टाइन माहाशाखामा पठाउने ।

3. संचालित नाका तथा दरबन्दी विवरण :–

पशु क्वारेन्टाइन चेकपोष्ट
रानी, मोरङ्ग

पशु क्वारेन्टाइन चेकपोष्ट
भण्टावारी, सुनसरी

पशु क्वारेन्टाइन चेकपोष्ट
माडर, सिरहा

दरबन्दी चार्ट

पशु क्वारेन्टाइन कार्यालय, विराटनगर
ब.प.चि.(रा.प.द्धि.प्रा.भेटेरिनरी –१)

प्राविधिक शाखा
प.चि.(रा.प.तृ.प्रा.भेटेरिनरी) –४
प.स्वा.प्रा.((रा.प.अनं प्र.प्रा. भेटेरिनरी) -६

लेखा तथा प्रशासन
लेखापाल (रा.प.अनं प्र.) –१
खरिदार (रा.प.अनं.द्धि.प्र.)–१
हलुका सवारी चालक (श्रेणी बिहिन) -१
कार्यालय सहयोगी (श्रेणी बिहिन) -४

जम्मा पद संख्या - १८ जना

कार्यालयको जनशक्तिको अवस्था

स्विकृत पदहरु	दरवन्दी संख्या	पदपूर्ति संख्या	रिक्त संख्या	कैफियत
वरिष्ठ पशु चिकित्सक	१	१	०	
पशु चिकित्सक	४	४	०	१ जना काँजमा
पशु स्वास्थ्य प्राविधिक	६	४	२	१ जना प्रदेश काँजमा
लेखापाल	१	१	०	
खरिदार	१	१	०	
कार्यालय सहयोगी	४	३	१	सेवा करार
हलुका सवारी चालक	१	१	०	सेवा करार
जम्मा	१८	१६	२	

3.1 पशु क्वारेन्टाइन चेकपोष्ट रानी, विराटनगर

पशु चिकित्सक	डा. मुकेश मणि सिंह
पशु स्वास्थ्य प्राविधिक	श्री विष्णुप्रसाद दुलाल
पशु स्वास्थ्य प्राविधिक	
पशु स्वास्थ्य प्राविधिक	
कार्यालय सहयोगी	

3.2 पशु क्वारेन्टाइन चेकपोष्ट भन्टावारी, सुनसरी

पशु चिकित्सक	श्री अरविन्द कुमार मण्डल
कार्यालय सहयोगी	श्री राजकुमार शाह

3.3 पशु क्वारेन्टाइन चेकपोष्ट सिरहा, माडर

पशु स्वास्थ्य प्राविधिक	श्री अशोक प्रसाद यादव
कार्यालय सहयोगी	श्री रोशन यादव

4. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, 2055 को दफा 5मा क्वारेन्टाइन अधिकृतको नियुक्ति साथै पशु स्वास्थ्य तथा पशु सेवा नियमावलि, 2056 को नियम 8 बमोजिम क्वारेन्टाइन अधिकृतको काम व्यवस्था रहेको छ।

4.1 क्वारेन्टाइन अधिकृतको नियुक्तिः नेपाल सरकारले दफा ३ बमोजिम स्थापना भएको क्वारेन्टाइन चेकपोष्टको प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई क्वारेन्टाइन अधिकृतको पदमा नियुक्ति गर्नेछ ।

4.2 क्वारेन्टाइन अधिकृतको कामः (१) क्वारेन्टाइन अधिकृतले गर्नु पर्ने काम देहाय बमोजिम हुनेछ ।

(क) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइन राखी निरीक्षण गर्ने र पशुहरुको लागि दाना, पानी तथा औषधि उपचार भए वा नभएको जाँच गर्ने,

(ख) प्रयोगशाला परीक्षणको लागि पठाइएको नमूनाको नतीजा प्राप्त नभएसम्म त्यस्ता पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राख्नु पर्ने भएका उपयुक्त किसिमले राखे वा नराखेको निरीक्षण गर्ने,

(ग) प्रत्येक खेपका पशुहरु लगेपछि क्वारेन्टाइन स्थलको सरसफाई र निःसंक्रमण गराउने,

(घ) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परिवहन गर्न प्रयोग गरिएका सवारी साधनहरु राम्रोसँग सरसफाई तथा निःसंक्रमण नभएको पाइएमा सो कार्य गर्न लगाउने,

(ङ) विदेशी मुलुकबाट आएका परिवहनका साधनहरुद्वारा निस्काशित फोहर मैला रोग नफैलिने गरी उचित तरीकाले

व्यवस्था भएको छ वा छैन निरीक्षण गर्ने र आवश्यकता अनुसार तह लगाउने व्यवस्था मिलाउने,

(च) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीसँग सम्बन्धित प्रमाणपत्र र अन्य कागजातहरु जाँच्ने,

(छ) पैठारी गरिएका पशुमा कुनै संक्रामक रोग भएको पाइएका वा शंका लागेमा सो विषयमा स्थानिय पशु सेवा कार्यालय, विभाग, कृषि मन्त्रालय र अन्य सम्बन्धित निकायलाई छिटो साधनद्धारा सूचना पठाउने,

(ज) पैठारी गरिएका पशुका संक्रामक रोग भएको र पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा कुनै हानिकारक तत्व भएको शंका लागेमा त्यसको नमूना संकलन गरी परीक्षणको लागि विभागले तोकेको प्रयोगशालामा पठाउने र परीक्षणको नतिजा प्राप्त नभएसम्म त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइनमा राख्ने,

(झ) छिमेकी मुलुकका क्वारेन्टाइन चेकपोष्टसँग सम्पर्क तथा समन्वय कायम राख्ने ।

5. <u>2081/082 को मुख्य– मुख्य कार्यक्रमहरुः</u>

क्र.स.	बार्षिक कार्यक्रमहरू	इकाई	बार्षिक लक्ष्य		बार्षिक प्रगति	बार्षिक प्रगति प्रतिशत
			परिमाण	बजेट	परिमाण	
अ.	पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु					

1	अवैध आयात भएका पन्छीको मानवीय ढङ्गबाट नष्ट गर्न CO2 chamber खरिद	पटक	1	1	0	
2	कार्यालयको लागि फर्निचर तथा फर्निसिङ खरिद	पटक	1	1	1	100%
क)	**पूजीगत कार्यक्रमको जम्मा**		**2**	**2**	**1**	
आ.	**चालु खर्च अन्तर्गतका कार्यक्रमहरु**					
1	वार्षिक प्रगती पुस्तिका प्रकाशन	पटक	१	०.३५	१	100%
2	र्यापिड टेष्ट किट खरिद	पटक	१	१.५	१	100%
3	क्वारेन्टाइन जाच	संख्या	२००	०.२	२94	100%
4	आयातित पशुवस्तुको नमुना संकलन तथा प्रेषण	पटक	१००	०.५	१००	100%
5	निसक्रमण गर्ने	पटक	४०	०.४	४०	100%
6	कर्मचारीहरुको स्वास्थ्य परिक्षण	जना	१८	०.५४	१८	100%
7	कर्मचारीहरुलाइ लजिस्टक सर्पोट (एप्रोन, मास्क,गमबुट, ब्याग, पन्जा, लगायत अन्य सामाग्री)	जना	१८	०.३६	१८	100%
8	क्वारेन्टाइन सम्बन्धी चेतनामुलक प्रचारपसार सामाग्री तयारी (भिडियो क्लिप श्रव्य द्वश्य सामाग्री, पमप्लेट, लिफलेट, जिंङ्गल आदी तयार गरि प्रचारपसार गर्ने,)	पटक	१	०.३	१	100%
9	सुरक्षा निकाय लगायत सरोकारवाला संग अन्तरक्रिया	पटक	४	३	४	100%
10	लाइभ मार्केट सर्भिलेन्स	पटक	१२	०.६	१२	100%
11	सुरक्षा निकाय तथा सरोकारवालाहरुसंग अन्तरक्रिया बैठक	पटक	४	३	४	100%
12	सिमानामा सर्भिलेन्स नमूना प्रषण रिपोटीङ्ग (पशु स्वास्थय)	संख्या	१२	०.६	१२	100%
13	क्वारेन्टाइन सम्नव्यन बैठक	पटक/संख्या	४	२	४	100%
14	अबैध समातिएका पशु/पशुजन्य पदार्थ	पटक	१००	१	१34	100%

	नष्ट गर्ने					
15	अबैध पैठारी कार्यदल परिचालन	महिना	४	१	४	100%

6.आ.ब. 081/082 वार्षिक प्रगति विवरण

कार्यक्रम	भारित वार्षिक	वितिय वार्षिक	कैफियत
पूँजिगत	50	50%	
चालु	94.81	75.63%	
जम्मा	94.26	७९.२५%	

7. आ.ब. 081/082 खर्च/ निकासा विवरण

वार्षिक विनियोजन खर्चको अवस्था

रु. लाखमा

क्र.सं.	निकायको नाम	वार्षिक विनियोजन			वार्षिक खर्च		
		पूँजीगत	चालु	जम्मा	पूँजीगत	चालु	जम्मा
१	पशु क्वारेन्टाईन कार्यालय, विराटनगर	२	१६१.०२	१६३.०२	१	११९.८२	१२०.८२

वार्षिक भारित तथा वित्तीय प्रगतिको सारांश

क्र.सं.	निकायको नाम	वार्षिक बजेट रु. लाखमा	वार्षिक भारित प्रगति प्रतिशत	वार्षिक वित्तिय प्रगति प्रतिशत
१.	पशु क्वारेन्टाईन कार्यालय, विराटनगर	१६३.०२	९४.२६	७४.११

8. आ.ब. 081/082 राजश्व विवरण

प्रशासनिक दण्ड जरिवाना	32000.00

अन्य प्रशासनिक सेवा शुल्क	0.00
जम्मा	32000.00

9 आ.ब. 081/082 बेरुजु विवरण

कार्यालयको वेरुजु विवरण

वेरुजु विवरण	कूल वेरुजु रु.	यस आ.व.को हालसम्मको फर्छ्यौट रु.	फर्छ्यौट प्रतिशत
चालु आ व को शूरुमा कायम	१०४३४४	०	०
असुल उपर वेरुजु	३६२४	०	०
नियमित प्रमाण पेश गर्नुपर्ने आ व ०८०/०८१ मा थप गरी	१००७२०	०	०
चालु आ व मा थप भएको	०	०	०
जम्मा	१०४३४४	०	०

बा क बेरूजु फर्छ्यौटका लागि गरिएका प्रयासहरुः

- वेरुजु रकम दाखिला गर्न पत्राचार गरिएको

10. मुख्य – मुख्य उपलब्धिहरुः

(क) क्वारेन्टाइन जाँचः–

पशु क्वारेन्टाइन कार्यालय विराटनगरले छिमेकी मुलुक भारत लगायत अन्य तेस्रो मुलुकहरुबाट जोगवनी, भण्टावारी तथा माडर सिरहा नाका भएर नेपाल भित्र प्रवेश गर्ने पशु,पशु जन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुमा संक्रामक रोग भए नभएको तथा पशु सेवा विभागले लागु गरेको मापदण्ड पुरा गरे नगरेको जाँच गरी क्वारेन्टाइन प्रमाण– पत्र प्रदान गर्ने गर्दछ ।

(ख) नाका अनुगमनः–

क्वारेन्टाइन चेकपोष्ट रहेको नाका बाहेक भारत संग जोडिएका खुल्ला सिमानाको फाइदा उठाइ गैरकानुनी तरिकाले पशु, पशु जन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको प्रवेशलाई निरुत्साहित पार्न नाका अनुगमन गरिएको ।

(ग) <u>आयायित पशु बस्तुको नमुना संकलन तथा प्रेषण :</u>

चेकपोष्टहरुमा बहिरी मुलुकबाट आयात भएका फिड सप्लिमेन्ट तथा माछाका दानाहरुको नमुना संकलन गरी परिक्षणको लागी राष्ट्रिय पशुआहारा तथा लाईभस्टक गुण ब्यवस्थापन प्रयोगशाला हरिहरभवन, ललितपुरमा पठाउने गरिन्छ ।

(घ) <u>निःसकमण गर्नेः–</u>

बिदेशबाट आयातित पशुहरु क्वारेन्टाइन प्रकृया पुरा गरी यस स्थानबाट अन्यत्र स्थानमा ढुवानी भै जाने पशु ढुवानीमा प्रयोग भएका सवारी साधनहरुबाट संक्रामक रोग पनि भित्रिन सक्ने प्रवल सम्भावनालाई न्यून गर्ने उदेश्यले विभिन्न भौतिक तथा रसायन विधि अपनाई त्यस्ता ढुवानीका साधनहरुलाई निःसंकमण गरियो ।

(ङ) <u>बार्षिक क्वारेन्टाइन बुलेटिन तयार गरी केन्द्रमा पठाउर्नेः–</u>

पशु कार्यालयन कार्यालय विराटनगर अन्तरगत रहेका चेकपोष्टहरु लगायत कार्यालय समेतले गत आ.व.मा सम्पन्न गरेको क्वारेन्टाइन सम्बन्धि सम्पूर्ण गतिविधिहरुलाई समेटेर चालु आ.व.को प्रथम त्रैमासिक अवधिमा बुलेटिन तयार पारी केन्द्रमा पठाउने गरिन्छ ।

(च) <u>सिमानामा सर्भिलेन्स नमुना प्रेषण तथा रिपोटिङ्गः–</u>

पशु क्वारेन्टाइन कार्यालय विराटनगर अन्तरगत रहेका चेकपोष्टहरुले सिमा नाका भएको नगरपालिका, गाउपालिका वडाहरुमा पशुहरुको सर्भिलेन्स गरी रोगको शंकालागेमा त्यस्ता पशुहरुबाट नमुना लिई परिक्षणको लागि सम्बन्धित प्रयोगशालामा पठाउने गरिन्छ र परिक्षण रिपोर्ट प्राप्त भएपछि सम्बन्धित आयातकर्तालाई जानकारी गराउने गरिन्छ ।

(छ) <u>चेकपोष्ट अनुगमन :–</u>

क्वारेन्टाइन कार्यालय विराटनगरले आफ्नो मातहतका चेकपोष्टहरुमा कार्यक्रम संचालनमा देखिने समस्याहरुको निराकरण तथा सामाधानको उदेश्यले चेकपोष्ट अनुगमन गरियो ।

(ज) <u>क्वारेन्टाइन समन्वय बैठक :–</u>

पशु क्वारेन्टाइन कार्यालय विराटनगरले क्वारेन्टाइन सम्बन्धि जनचेतना अभिबृद्धि तथा क्वारेन्टाइन कार्यक्रम संचालनमा देखापरेका समस्याहरुको बारेमा छलफल गर्न कार्यालय सँग समन्वयका सम्बद्ध निकायका पदाधिकारीहरुको उपस्थितिमा समन्वय बैठक गरिने गर्दछ । संचालित नाकाहरुमा बिषय

बिषेशज्ञहरुको कार्यपत्र सहित विभिन्न सरोकारवालाहरुको उपस्थितमा क्वारेन्टाइन समन्वय बैठक कार्यक्रम सम्पन्न गरियो ।

(झ) **लाईभ मार्केट सर्भिलेन्स :–**

कार्यालयको कार्यक्षेत्र भित्रभएका जिल्लाहरुको पशुहाटबजारहरुमा गई पशु तथा पन्क्षीहरुको सर्भिलेन्स गरी पशु तथा पन्क्षीहरुमा रोगको शंका लागेमा उक्त पशु तथा पन्क्षीहरुबाट स्यापल कलेक्सन गरी प्रयोगशालामा पठाउने गरेको ।

(ञ) **अबैध पैठारी नियन्त्रण कार्यदल परिचालन :–**

अबैध पैठारी नियन्त्रण र निरुत्साहीत गर्नका लागी नाकाहरुमा गई कार्यदल गठन तथा परिचालन कार्यक्रम सम्पन्न गरियो ।

(ट) **स्थलगत प्रारम्भीक नमुना परिक्षणः–**

स्थलगत प्रारम्भीक नमुना परिक्षण कार्यक्रम सम्पन्न गरीएको ।

(ठ) **अबैध समातिएका पशु / पन्छी पन्छीजन्य पदार्थ नष्ट गर्नेः–**

पशु क्वारेन्टाइन कार्यालय विराटनगरले विभिन्न समयमा गस्ती गर्दा सशस्त्र प्रहरी, जनपथ प्रहरी, तथा सरोकारवालाहरुको सहयोगमा सिमा क्षेत्रमा अबैध चोरी पैठारी गरी ल्याइएको अबैध पशु तथा पशुजन्य पदार्थ समाति नष्ट गर्ने गरिन्छ ।

आ.व ०८१/०८२ मा सम्पन्न गर्नुपर्ने मूख्य मूख्य क्रियाकलापहरुको लक्ष्य, प्रगति, उपलब्धिहरु तथा प्रगति नहुनुको कारण

क्र. सं.	लक्षित प्रमुख क्रियाकलाप	वार्षिक लक्ष्य	वार्षिक प्रगति	सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धि (लाभग्राही संख्या, परिमाणात्मक र गुणात्मक विश्लेषण समेत समावेश गरी)	प्रगति हुन नसकेको भए प्रगति नपुगको कारण
१.	क्वारेन्टाइन जाँच	२००	२९४	३२९९.४४६ मेट्रिक टन फिड सप्लिमेन्ट, ९२५.३७५ मेट्रिक टन फिस फिड र ९६.२५ मेट्रिक टन क्याटल फिड जाँच गरी आयातमा सहजिकरण	
२.	अबैध समातिएका पशु / पशु जन्य पदार्थ नष्ट गर्ने	१००	१३४	अवैध पशु/पशुजन्यको पदार्थको ओसारपसारमा नियन्त्रण	
३.	सुरक्षा निकाय लगायत सरोकारवाला संग अन्तरक्रिया	४	४	सिमा क्षेत्रमा खटिएका सशस्त्र प्रहरी वल, नेपाल प्रहरी हरुलाई क्वारेन्टाइनका ऐन नियम वारे जानकारी गराइएको	
४	क्वारेन्टाईन समन्वय बैठक	४	४	प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा निकायहरुका प्रमुख मार्फत सिमा क्षेत्रमा कडा निगरानी को लागि पहल	
५.	अबैध पैठारी कार्यदल परिचालन	४	४	सिमा क्षेत्रमा खटिने कर्मचारीहरुको उत्प्रेरणा बढेको	
६.	निसक्रमण गर्ने	४०	४०	पशु हाँटबजार र नष्टमा निसंक्रमण बाट वातावरण स्वस्थ र किटाणुरहित गरिएको	
७.	आयातित पशुवस्तुको नमुना संकलन तथा प्रेषण	१००	१००	आयातित वस्तुको गुणस्तर पहिचानमा सहयोग	
८.	सुरक्षा निकाय तथा सरोकारवालाहरुसंग अन्तरक्रिया बैठक	४	४	कार्य संचालनमा सहज	
९	लाइभ मार्केट सर्भिलेन्स	१२	१२	Early detection and warn	
१०.	सिमानामा सर्भिलेन्स नमूना प्रषण रिपोटीङ्ग (पशु स्वास्थय)	१२	१२	Early detection and warn	

आ.व. ०८१/०८२ आयात-निर्यात विवरण

आयात क्रम (Import Trend)

क्र.सं.	आयात सामाग्री विवरण	इकाई	परिमाण आ.व. ०८०/०८१	परिमाण आ.व. ०८१/०८२	घटि/बढी
१	खाने माछा (Fresh Chilled Fish)	मे.ट.	६४२.१८६	४८.३	Declined by 12.29 times
२	माछाको दाना (Fish feed)	मे.ट.	६१७.२९७	९२५.३७५	Increased by 33.29 %
३	Cattle feed	मे.ट.	८५	९६.२५	Increased by 11.68 %
४	फिड सप्लिमेन्ट	मे.ट.	६५०९.१७१	३२९९.४५	Declined by 97.29 %

निर्यात क्रम (Export Trend)

क्र.सं.	आयात सामाग्री विवरण	इकाई	परिमाण आ.व. ०८०/०८१	परिमाण आ.व. ०८१/०८२	घटि/बढी
१	छाला	वर्ग मिटर	११४८६९	२२९५५२	Increment by 99.83 %
२	छुर्पि	किलो	०	२२६०	

वार्षिक नष्ट विवरण आ.व. ०८१/०८२

विवरण	इकाई	परिमाण
ब्रोइलर कुखुरा	के.जी.	३२५२
ब्रोइलर कुखुरा	वटा	२९२
सिलाङ माछा	के.जी.	१००
सेतो अण्डा	कार्टुन	४३
हाँसको चल्ला	संख्या	६००
माछाको सिद्रा	के.जी.	६४०

विवरण	इकाई	परिमाण
माछा	के.जी.	२१६७
वंगुरको मासु	के. जी.	२५०
गाईको मासु	के.जी.	३०
मुङ्ग्री माछाको भुरा	के.जी.	३०
बाख्राको छाला	के.जी.	१००
घुङ्गी	के.जी.	७२०
पशुको दाना	के.जी.	१५०

स्वास्थ्य परीक्षण आ.व. ०८१/०८२

विवरण	इकाई	परिमाण
माछा	के जी	१००
गाई	वटा	१४
राङ्गा	वटा	३
बाच्छा बाच्छी	वटा	११
खसी बाखा	वटा	११६
बहर	वटा	२३
पाडा	वटा	१
बंगुर	वटा	१४१
घोङ्गी	के जी	९०२

10. उपलब्धीहरुको सारांश :-

१. क्वारेन्टाइन जाँच भई रोग नियन्त्रण भएको ।
२. निश्चित रोगको निदानमा मद्दत भईरहेको ।
३. स्थानिय एफ.एम., पत्रपत्रिका, पम्पलेट र माईकिंग गराउँदा जनमानसमा क्वारेन्टाइनको महत्व बढेको ।
४. गुणस्तरिय पशु, पशु उत्पादन सामाग्री तथा पशु जन्य पदार्थहरु भित्रिएका कारणले पशु उत्पादकत्वमा उल्लेखनिय बृद्धि भएको तथा जनमानसमा राम्रो प्रभाव परेको ।

11. पशु क्वारेन्टाइन कार्यालय विराटनगर संग समन्वयका सम्बद्ध कार्यालयहरु

श्री जिल्ला प्रशासन कार्यालय, मोरङ्ग, सुनसरी ,सप्तरी र सिरहा ।
श्री जिल्ला प्रहरी कार्यालय, मोरङ्ग, सुनसरी ,सप्तरी र सिरहा ।
श्री भन्सार कार्यालय रानी विराटनगर, रंङ्गली, कोशी ब्यारेज, भण्टावारी सुनसरी ,माडर सिरहा ।
श्री विराटनगर महानगरपालिका कार्यालय विराटनगर, मोरङ्ग ।
श्री ईनरुवा नगरपालिका कार्यालय, सुनसरी ।
श्री राजविराज नगरपालिका कार्यालय, सप्तरी ।
श्री लहान नगरपालिका कार्यालय, सिरहा ।
श्री सिरहा नगरपालिका कार्यालय, सिरहा ।

श्री सशस्त्र सिमा सुरक्षा कार्यालय रानी मोरङ्ग , भण्टावारी सुनसरी, माडर सिरहा ।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र विराटनगर, मोरङ्ग, सुनसरी, सप्तरी र सिरहा ।
श्री क्षेत्रिय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर ।
श्री पशुपन्छी रोग अन्वेषण प्रयोगशाला विराटनगर, मोरङ्ग ।
श्री पशु क्वारेन्टाइन महाशाखा हरिहभवन , ललितपुर ।
विभिन्न पशु, पशु जन्यपदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको आयातकर्ता, निर्यातकर्ता, बिक्रेता एवं उपभोक्ताहरु ।

समस्याहरु :-

१. भारतीय सिमाना सँग जोडिएको खुल्ला नाकाहरुबाट अबैध जनावरहरुको आयात ।
२. जनशक्तीको कमि ।
३. चेकपोष्टका भवनहरुको मर्मत सम्भारको लागी आवश्यक बजेटको कमि ।
४. क्वारेन्टाइन कार्यालयको भवनको निर्माण पूर्णरुपले नभएको ।
५. चेकपोष्टको नाका संग जोडिएको छिमेकी मुलुक भारतको नाकमा भारतीय क्वारेन्टाइन चेकपोष्ट नहुनु ।
६. क्वारेन्टाइनको कर्मचारीहरुलाई अतिरिक्त समयमा काम गरेवापत केही अतिरिक्त भत्ताको व्यवस्था नभएको ।

सुझाबहरु :-

१. कृषक, व्यापारी तथा उपभोक्ताहरुलाई जनचेतना जगाउने ब्यवस्था मिलाउनु पर्ने ।
२. कार्यक्षेत्र अनुसार थप दरबन्दीको ब्यवस्था हुनु पर्ने ।
३. पशु क्वारेन्टाइन चेकपोष्टको नाका सँग छिमेकी मुलुकलाई चेकपोष्टको स्थापनाको लागि पहल गर्नु पर्ने ।
४. पशु क्वारेन्टाइन चेकपोष्टको नाका सँग छिमेकी मुलुकलाई चेकपोष्टको स्थापनाको लागि पहल गर्नु पर्ने ।
५. पशु क्वारेन्टाइन ऐन नियम तथा कार्यक्रमलाई प्रभावकारी रुपले लागु गर्नमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा अन्य निकाय बिच समन्वय तथा जिल्लामा स्थानिय स्तरमा सम्बन्धित निकाय बिच समन्वय गर्न अति आवश्यक देखिन्छ ।
६. यस चेकपोष्टका कर्मचारीहरु बिहान र बेलुकाको साथै विदाको दिनमा समेत कार्य गर्नु पर्ने भएकोले अतिरिक्त तलब भत्ताको ब्यवस्था हुनु पर्ने ।